# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, मंसीर १२ गते २०५७ साल (अतिरिक्ताङ्क ४३


## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले खण्ड ४९, अतिरिक्ताङ्क ४४ (क), मिति २०५६ फागुन २ को नेपाल राजपत्र, भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार नवलपरासी जिल्ला अन्तर्गत पर्ने कुडिया, नरसही, गुठी प्रसौनी र पक्लिहवा गाउँ विकास समितिहरूमा देखिएको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न गठित समितिको कार्यावधि छ महिना तोकिएकोमा सो अवधि समाप्त भएको मितिले पुनः छ महिना कार्यावधि थप गरी उक्त समितिको सदस्यमा श्री जोखाप्रसाद चौधरी, कठार गाउँ विकास समिति, चितवन-को सट्टा श्री बीजकुमार श्रेष्ठ, दाउन्नेदेवी गाउँ विकास समिति नवलपरासीलाई नियुक्त गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना २

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिका क्षेत्रको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य, अधिकार तथा कार्यावधि देहाय बमोजिम तोकेको छः–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. समितिको गठनः (१) समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्ः–

(क) श्री चन्द्रमान नकर्मी, कीर्तिपुर नगरपालिका —अध्यक्ष

(ख) श्री विश्वम्भर नेपाल, चालनाखेल गाउँ विकास समिति —सदस्य

(ग) प्रतिनिधि, (अधिकृतस्तर) जिल्ला प्रशासन कार्यालय, काठमाडौं —सदस्य

(घ) नापी अधिकृत, नापी शाखा, कलङ्की —सदस्य

(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको अधिकृत —सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित स्थानीय निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

२. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) शुरु नापीको अवस्थामा फिल्डबुकमा जग्गाधनी महल खाली वा वेनिस्सा जनिई मोही महलमा नाम उल्लेख भएकोमा छानविन गरी ठहर भए अनुसार सम्बन्धित व्यक्तिको नाउँमा भोग बमोजिम दर्ता गर्ने ।

(ख) नापीका अवस्थामा व्यक्ति विशेषको खान्की वा विर्ता जनिएको जग्गाका सम्बन्धमा प्रचलित कानूनको आधारमा सम्बन्धित भोगवाला वा निजको हकदारको नाउँमा भोग बमोजिम जग्गा दर्ता गर्ने ।

तर (ख) श्रेणीको विर्ता जग्गा विर्तावालाले ऐनका म्याद भित्रै रैकर परिणत गरी दर्ता गर्न निवेदन गरेको अवस्था रहेछ भने त्यस्तो जग्गाका सम्बन्धमा समितिले निर्णय गर्ने छैन ।

(ग) फिल्डबुकमा गुठी जनिएको जग्गा प्रचलित कानूनको आधारमा सम्बन्धित गुठीका नाउँमा दर्ता गरी मोही कायम गर्न सम्बन्धित गुठी कार्यालयमा लेखि पठाउने ।

(घ) फिल्डबुकको विरहमा धान, मकै आदि जनिई जग्गाधनी र मोही महल खाली भएको वा अन्य यस्तै व्यहोरा उल्लेख भएको जग्गाका सम्बन्धमा छानविन गरी कुनै विवाद नदेखिए सम्बन्धित भोगवालाका नाउँमा दर्ता गर्ने ।

(ङ) माथि उल्लेख भए अनुसार जग्गा दर्ताको क्रममा कसैको तर्फबाट साविक सनद, सवाल, वहालपूर्जी आदेश वा यस्तै हक अधिकार सम्बन्धी कागजात पेश हुन आएमा सो को छानविन गरी निर्णय दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) समितिले आफ्नो क्षेत्रभित्र पर्ने समितिसँग सम्बन्धित जग्गादर्ता सम्बन्धी मिसिल कागजातहरू सम्बन्धित कार्यालयबाट प्राप्त गर्ने ।

(छ) घरसारमा भएका लिखतको आधारमा हक हस्तान्तरण भई भोग-चलन गरिरहेको अवस्था रहेछ भने प्रचलित कानून बमोजिम सम्बन्धित भोगवालाको नाउँमा दर्ता गर्ने ।

(ज) जग्गा दर्ताको क्रममा निवेदन लिने, सूचनामा प्रकाशन गर्ने, सर्जमिन गर्ने, साँध सधियार बुझ्ने लगायतका कार्यविधि समिति आफैले तय गर्ने ।

(झ) उल्लेख गरिएदेखि बाहेक सरकारी तथा सार्वजनिक प्रकृतिका जग्गाहरू मालपोत कार्यालयबाट श्री ५ को सरकारको नाउँमा दर्ता भैसकेको रहेनछ भने श्री ५ को सरकारका नाउँमा दर्ता गर्ने ।

(ञ) स्थानीय निकायबाट बहाली पूर्जि वा अनुमति पाई अघिदेखि घर बनाई बसोवास गरी आएका घर जग्गा सम्बन्धित भोगचलन कर्ताका नाउँमा दर्ता गर्ने ।

(ट) समितिले समितिबाट भए गरेका जग्गा दर्ता श्रेस्ता तथा मिसिल कागज-हरू सम्बन्धित मालपोत कार्यालय र नापी शाखामा बुझाउने ।

(ठ) २०२१ सालमा नापी हुँदा नापनक्सा गर्न बाँकी वा नापी भै दर्ता गर्नसम्म छूट भएका नम्बरी जग्गा एवं गाउँ ब्लकको हकमा समेत समितिले यसै कार्यक्षेत्र अन्तर्गत रही हकभोग समेतका आधारमा आवश्यकतानुसार नाप नक्सा समेत गरी त्यस्तो जग्गा सम्बन्धित व्यक्तिका नाउँमा दर्ता गर्ने ।

तर नापी गोश्वारा अन्तर्गतको क्षेत्रमा प्रचलित कानून बमोजिम सोही कार्यालयले नै नाप जाँच एवं दर्ता गर्नेछ ।

(ड) समितिले जग्गा दर्ता सम्बन्धी कार्य सम्बन्धित क्षेत्रको नापी गोश्वारा-सँग समन्वय गरी गर्ने ।

(ढ) समितिले आफ्नो कार्य क्षेत्र भित्र पर्ने जग्गामा श्री ५ को सरकारको निकाय एवं सङ्घ संस्था आदिले भोगचलन गरेको जग्गाको स्वामित्व श्री ५ को सरकारमा राखी भोगाधिकार मात्र सोही निकाय वा संस्थाको नाममा जनाई दर्ता गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको निर्णयले जग्गा दर्ता गर्दा रैकर जग्गाको हकमा हालको प्रचलित मालपोतको दर अनुसार २०२१ सालदेखि हालसम्मको हुने मालपोत रकमको दश दोब्बर दस्तुर राजस्व खातामा बुझाए पछि उक्त जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा दिनु पर्नेछ ।

तर साविक नम्बरी प्रमाणको आधारमा दर्ता कायम भएका जग्गाको हकमा प्रचलित नियमानुसारको मालपोत दस्तुर लाग्नेछ ।

(३) स्थानीय निकायबाट बहाली पूर्जी वा अनुमति पाई सोही आधारमा दर्ता भएका जग्गाको हकमा मालपोत कार्यालयबाट निर्धारण गरिएको रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको शुल्क अनुसारको दस्तुर लाग्नेछ ।

३. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(२) समितिको निर्णय बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(३) समितिको निर्णय कार्यान्वयनका क्रममा दफा २ को उपदफा (२) र (३) मा उल्लेख भए बमोजिमको दस्तुर लिई नक्सा श्रेस्ता र जग्गा धनी दर्ता प्रमाणपूर्जा प्रमाणित गरी दिने काम सदस्य सचिवले गर्नेछ ।

४. समितिको कार्यावधिः समितिको कार्यावधि नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिले छ महिनाको हुनेछ ।

५. समितिको कार्यालयः समितिको कार्यालय समितिको कार्यक्षेत्र भित्रको कुनै स्थानमा राख्न सकिनेछ ।

## सूचना ३

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१ क) ले दिएको अधिकार प्रयोग गरी काभ्रेपलाञ्चोक जिल्लाको ढुंखर्क गाउँ विकास समिति अन्तर्गतका वडा नं. १, २, ३, ५, ६ र ७ एवं च्यांसिङखर्क गाउँ विकास समिति अन्तर्गतको वडा नं. १ मा रहेका केही घर जग्गाहरू राष्ट्रिय वन क्षेत्रभित्र परेको सम्बन्धमा छानविन गरी साविक नम्बरी जग्गा दर्ता गर्ने प्रयोजनार्थ देहाय बमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य, अधिकार तथा कार्यावधि देहाय बमोजिम तोकेको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. समितिको गठनः (१) समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन्:–

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक –अध्यक्ष

(ख) प्रमुख, जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोक –सदस्य

(ग) प्रमुख, नापीशाखा, काभ्रेपलाञ्चोक ”

(घ) अध्यक्ष, ढुंखर्क गाउँ विकास समिति, काभ्रेपलाञ्चोक ”

(ङ) प्रमुख, मालपोत कार्यालय, काभ्रेपलाञ्चोक –सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित अन्य कार्यालयका प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

२. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) नापीका समयमा वन सीमानाभित्र परी दर्ता हुन नसकेका आबादी नम्बरी जग्गाहरूमात्र देहायका प्रमाणको आधारमा नापनक्शा र कित्ताकाट गरी छुटचाई दर्ता गर्नेः–

(१) साविक नम्बरी लगत,

(२) साविकमा तिरो बुझाएको रसिद,

(३) भूमिसुधार कार्यालयमा भरिएको ७ नं. फाँटवारी,

(४) जोताहाको अस्थाई निस्सा,

(५) स्थानीय गाउँ विकास समितिको सिफारिश,

(६) अन्य आवश्यक प्रमाणहरू ।

(ख) यसरी साविक नम्बरी जग्गा दर्ता भै सके पछि कसैले पनि वन क्षेत्र अतिक्रमण गर्न नपाउने गरी वन सीमा निर्धारण (डिमार्केशन) को लागि सम्बन्धित वन कार्यालयमा सिफारिश गर्ने ।

(ग) सार्वजनिक तथा सरकारी प्रकृतिका जग्गाहरू श्री ५ को सरकारका नाउँमा दर्ता गर्ने ।

(घ) श्री ५ को सरकारका निकाय, संघ संस्था एवं शिक्षण संस्थाले प्रयोग गरेको जग्गाको हकमा त्यस्तो जग्गाको स्वामित्व श्री ५ को सरकारमा नै राखी भोगाधिकार मात्र सोही निकाय वा संघ संस्थालाई प्रदान गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

692

(ङ) वातावरणलाई प्रतिकूल असर नपर्ने गरी जग्गा दर्ता गर्ने ।

(च) प्रचलित कानून अनुसार मालपोत रकमको बक्यौता समेत सम्बन्धित गाउँ विकास समितिमा पठाउने ।

(२) समितिले जग्गा दर्ता सम्बन्धी श्रेस्ता, मिसिल कागज आदि सम्बन्धित कार्यालयबाट प्राप्त गर्नेछ र समितिको कार्यावधि एवं तोकिएको काम समाप्त भए पछि मिसिल एवं कागजात र नक्सा सम्बन्धित मालपोत कार्यालय तथा नापी शाखामा बुझाउनु पर्नेछ ।

३. समितिको कार्यावधिः समितिको कार्यावधि नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिले तीन महिनाको हुनेछ ।

४. समितिको बैठक र निर्णयः (क) समितिको बैठक हप्तामा बढीमा एक पटक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(ख) समितिको निर्णय बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(ग) समितिको निर्णय पश्चात जग्गाधनी दर्ता प्रमाण पूर्जा प्रमाणित गर्ने काम सदस्य-सचिवले गर्नेछ ।

५. समितिको कार्यालयः समितिको कार्यालय स्थानको उपयुक्तता हेरी सो जिल्ला अन्तर्गत कुनै ठाउँमा श्री ५ को सरकारलाई आर्थिक भार नपर्ने गरी राख्न सकिनेछ ।

आज्ञाले,
योद्धा शाह
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।